# सार्वजनिक सुनुवाई प्रतिवेदन

(आ.व. २०६३/०६४)

## प्रथम चौमासिक

## जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ

# भुमिका

सार्वजनिक सुनुवाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको लागि तय गरेको ऐन, नियम कार्यविधि, निर्देशिकाहरु मध्ये सवैभन्दा वढी जनहितकारी कार्यक्रमका रुपमा लिइन्छ सार्वजनिक सुनुवाई कार्यविधि २०६७ सार्वजनिक सुनुवाई गर्ने सामान्य कार्यविधि होइन सार्वजनिक सुनुवाईमा अर्न्तनिहित मान्यता र यसका पछाडीका सिदान्तहरुको महत्वपुर्ण दस्तावेज पनि हो । सार्वजनिक सुनुवाईको महत्वको सन्दर्भमा कार्यविधिको प्रशतावनामा नै प्रश्ट रुपमा भनिएको छ । यसको मुलभुत उद्देश्य ताप्लेजुङ्ग जिल्ला विकास समितिको कार्यालय र नागरिकहरुका विचमा दोहेरो संवाद स्थापित गर्ने हो ।

ताप्लेजुङ्ग जिल्ला विकास समितिको कार्यालय ताप्लेजुङ्गले आ.व. २०७३।०७४ को प्रथम चौमासिक सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन मिति २०७३ साल कार्तिक २७ गते ताप्लेजुङ्ग जिल्लाको सान्थाक्रा गा.वि.सको जाल्पा देवी निम्न माध्यमिक विद्यालयमा सान्थाक्रा गाउँ विकास समितिका अध्यक्ष तथा गाउँ विकास समिति सचिव श्री निर्मल शेर्पाको अध्यक्षतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा १०४ जनाको सहभागिता भएको थियो । सो कार्यक्रममा नेपाली काग्रेसका प्रतिनिधि श्री सञ्चविर लिम्वु, नेकपा ए.मा.ले का पाटि प्रतिनिधि श्री केदारजंघ लिम्वु, नेकपा माओवादी केन्द्रका प्रतिनिधि श्री भिमकुमार लिम्वु, राष्ट्रिय प्रजातन्त्र पाटि प्रतिनिधि श्री विरहाङ लिम्वु र संघीय लिम्वुवान मञ्च नेपालका प्रतिनिधि श्री रन्त प्रसाद लिम्वु, निर्वतमान गा.वि.स अध्यक्ष श्री ठाकुर सिहं लिम्वु, जाल्पादेवी निम्न माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री हेम कुमार यक्सोको आथित्यता रहेको थियो । भने उक्त कार्यक्रममा गा.वि.स भित्रका उपभोक्ता समिति गैह्रसरकारी संघ संस्थाका प्रतिनिधि, सामाजिक अगुवा, वडा नागरिक मञ्चका प्रतिनिधि, नागरिक सचेतनाका केन्द्रका प्रतिनिधि, महिला समुहका प्रतिनिधि, आदीवासी जनजाती प्रतिनिधि, अपाङ्ग, वालवालिका प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भएका अतिथि लगायतका सरोकारवालालाई जिल्ला विकास समितिका खरिदार तुलसा निरौलाले स्वागत मन्तव्य गर्नु भएको थियो । साथै जिल्ला विकास समितिको कार्यालय ताप्लेजुङ्गका सहलेखापाल श्री शम्भु श्रेष्ठले सार्वजनिक

सुनुवाई कार्यक्रमको उदेश्य र प्रथम चौमासिक भित्र गरेका सार्वजनिक सेवा प्रवाहका वारेमा जानकारी गराउनु भएको थियो ।

सार्वजनिक सुनुवाई कार्यक्रमको उद्देश्य माथि प्रष्ट पारि सकेपछि सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित सहभागिहरुले पालना गर्नुपर्ने आचार सहिंतालाई सुनाइएको थियो ।

१ सहभागीले हात उठाएर लिखित रुपमा प्रश्न राख्न पाइने छैन ।

२. सहजकर्ताले वोल्ने संकेत गरेपछि मात्र आफ्नो परिचय सहित प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।

३. विषयवस्तुलाई छोटो वा सरल रुपमा प्रस्तुत गर्नु पर्नेछ ।

४. पहिला उठि सकेका सवाललाई दोहोर्‍याउन पाइने छैन ।

५. चित्त नवुझेमा सहजकर्ताको अनुमती लिएर  थप प्रश्न राख्न पाईने छ ।
६. व्यक्तिगत लान्छाना लगाउन पाइने छैन ।
आचार सहिंताको वाचन सकिएपछि सरोकारवालाहरुलाई खुला छलफलको लागि ३० मिनेट समय दिइएको थियो ।

**सार्वजनिक सुनुवाईमा उठेका सवालहरु**
१ गा.वि.स सचिवको दरवन्दि अनुसार पदपुर्ती किन हुदैन ?
२. तमोर नदीमा निर्माण हुने मोटर पुलको कार्य के भई रहेको छ ?
३. सान्थाक्रा गा.वि.स मा खानेपानी व्यवस्थापन कहिले हुन्छ ?
४ सान्थाक्रा गा.वि.स.मा विद्युत व्यवस्थापन कहिले हुन्छ ?
५. सान्थाक्रा गाउँ विकास समितिको कार्यालय कहिले निर्माण कार्य सकिन्छ ?
६ सामाजिक सुरक्षा भत्ता गा.वि.स सचिवले कहिले घरघरमा पुर्‍याउने ?
७  जिल्ला विकास समिति र गाउँ विकास समितिहरुवाट सञ्चालित योजनाहरु कहिले अनुगमन हुन्छ ?
८. सान्थाक्रा गा.वि.स मा कहिले सार्वजनिक शौचालय वन्छ ?
९ उपभोक्ता समिति गठन र योजना सम्झौता सम्वन्धि के प्रावधान रहेको छ ?
कार्यालयको तर्फवाट सरोकारवालाहरुवाट उठाइएका जिज्ञासाहरुको समाधान गर्न जवाफदेहि जिल्ला प्राविधिक कार्यालयका सव-इन्जिनियर श्री कुलानन्द चौधरी, जिल्ला विकास समितिका सह लेखापाल श्री शम्भु श्रेष्ठ र गाउँ विकास समितिका अध्यक्ष तथा सचिव श्री निर्मल शेर्पावाट जिज्ञासाको समाधान ।

१ गाउँ विकास समितिका सचिव तथा गाउँ विकास समितका कार्यालयमा कार्यरत कर्मचारीहरु थेरै रहेको जिल्लामा ४८ गा.वि.स हरुमध्ये ३५ वटा मात्र गा.वि.स.मा मात्र गा.वि.स सचिव पदपुर्ती रहेको र अन्य गा.वि.स मा जम्मा रहेका गा.वि.स सचिवले नै थप

जिम्मेवारी लिएर काम गर्नु पर्ने बाध्यता रहेको र रिक्त रहेका दरवन्दी लोक सेवा आयोगमा माग गरिएको ।

२. तमोर खोलाको दोभानमा रहेको मोटरपुल गत २०७३।३।३१ गते आएको वाढीको कारणले वगाएको र सो मोटर पुलको निर्माणकार्य पुन सुचारु गर्न खोलाले वगाएर क्षति भएको सामानहरुको मुल्याङ्कन भईरहेको छ ।

३ सान्थाक्रा गाउँ विकास समितिमा खुला दिशा मुक्त घोषणा कार्यक्रम अनुरुप एक घर एक स्वच्छ खानेपानीको धारा सञ्चालन गर्न गाउँ विकास समितिको गाउँ परिषद, इलाका परिषद हुदै जिल्ला परिषदवाट योजना स्वीकृत गरेर योजना सञ्चालन गर्न सकिन्छ ।

४. सान्थाक्रा गा.वि.स .मा विद्युत योजना सञ्चालन सम्वन्धमा आ.व २०७२।०७३ को निर्वाचन क्षेत्र विकास कार्यक्रम अर्न्तगत सान्थाक्रा, खाम्लुङ, खोक्लिङ, फुलवारी र निघुरादिन गा.वि.स मा रु आठ लाख रकम विनियोजन भई सान्थाक्रा गा.वि.स मा रु १ लाख ५० हजार वजेट विनियोजन भई विद्युत सर्वे समेत भई सकेको अवस्था छ र ती गा.वि.स हरु मध्ये खोक्लिङ गा.वि.स चालु आ.व.मा विद्युत योजना सञ्चालनको लागि योजना सम्झौताको चरणमा रहेकोले आ.गा.मी आ.व देखि अन्य गा.वि.स हरुमा योजना कार्यान्वयन हुने प्रक्रिया रहेको छ ।

५. गाउँ विकास समितिको कार्यालयको भवन निर्माणको लागि शान्ति तथा पुर्न निर्माण तथा पुन स्थापना कार्यक्रम अर्न्तगत बजेट विनियोजन भई निर्माण कार्य भई रहेको छ र सो भवन निर्माण गर्न आ.व. २०७१।०७२ मा रु ३ लाख  रकम विनियोजन भएकोमा सो कार्य हुन नसकि रकम फ्रिज गएको, गत आ.व २०७२।०७३ मा रु १० लाख विनियोजन भएकोमा रु १० लाख नै बजेट खर्च भएको र चालु आ.व २०७३।०४ मा रु १० लाख विनियोजन भएको छ र आगामी आ.व २०७४।०७५ मा सो भवन निर्माण कार्य सम्पन्न हुने लक्ष्य लिइएको छ ।

६. सामाजिक सुरक्षा भत्ता वितरण किन घरघरमा सचिवले पुऱ्याउदैनन् भन्ने सर्न्दभमा ताप्लेजुङ्ग जिल्लाको ४८ गाउँ विकास समितिहरु मध्ये ३५ वटा गाउँ विकास समितिहरुमा सचिवको दरवन्दि पुर्ती रहेको र बाँकी रहेका गा.वि.स मा भएका गा.वि.स हरुमा भएका सचिवहरुले नै थप जिम्मेवारी लिई काम गर्नु पर्ने बाध्यता रहेको र सान्थाक्रा गा.वि.स सचिव

श्री निर्मल शेर्पाले पनि खाम्लुङ गा.वि.स को जिम्वेवारी भएकाले घर घरमा सामाजिक सुरक्षा भत्ता पुऱ्याउन सकिएको छैन ।

७. जिल्ला विकास समिति र गाउँ विकास समितिहरुले सञ्चालन गरेका योजना अनुगमन सम्वन्धमा जिल्ला विकास समतिको कार्यालयवाट सञ्चालित आयोजनाहरुको हकमा राजनितिक दल, पत्रकार, कर्मचारी संलग्न रहेको सर्वदलिय अनुगमन टोलीले अनुगमन गर्ने गरेको र गाउँ विकास समितिवाट सञ्चालित आयोजनाहरुको गाउँ स्तरीय अनुगमन समिति रहेको र सो समितिले अनुगमन गरे पछि मात्र अन्तिम कस्ता रकम भुक्तानी हुने गरेको छ ।

८. सान्थाक्रा गाउँ विकास समितिमा कसहले सार्वजनिक शौचालय वनिने भन्ने सर्न्दभमा जिल्ला भित्रका गाउँ विकास समिति, नगरपालिका खुलादिशा मुक्त र ताप्लेजुङ्ग जिल्ला नै खुला दिशा मुक्त क्षेत्र घोषणा भई सकेको छ । खुला दिशा मुक्त भए सँग सँगै अव पुर्ण सरसफाई गनैको लागि सुरुवात भएको छ । सो कार्यक्रम अनुरुप ताप्लेजुङ्ग जिल्लाको दोभान बजार र ताप्लेजुङ्ग नगरपालिकाको तोक्मेडाँडामा सार्वजनिक शौचालयको लागि बजेट विनियोजन भई सकेको छ र अन्य गा.वि.स हरुमा आगामी आ.व देखी अन्य गा.वि.स हरुमा कार्यक्रम सञ्चालन हुने कार्यक्रम रहेको छ ।

९. उपभोक्ता समिति गठन र योजना सञ्चालन सम्वन्धमा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम गाउँ विकास समितिका सचिव वा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फका सामाजिक परिचालकको रोहवरमा आम भेला वोलाई उपभोक्ता समिति गठन गरि योजना सम्झौता गरि कार्य अघि वढाउन सकिने प्रावधान रहेको छ ।

कार्यालयका तर्फवाट सरोकारवालाहरुले राखेका जिज्ञासाहरुको समाधान भई सकेपछि गाउँ विकास समितिका राजनितिक दलका प्रतिनिधिहरुले मन्तव्य राख्नु भएको थियो र मन्तव्य सकिएपछि  कार्यक्रमको समापन सान्थाक्रा गाउँ विकास समितिका अध्यक्ष तथा सचिव श्री निर्मल शेर्पावाट भएको थियो ।

**प्रतिवेदक**
श्री तुलसा निरौला
खरिदार
श्री जिल्ला विकास समितिको कार्यालय, ताप्लेजुङ्ग

## सार्वजनिक सुनुवाईका झलकहरु




